# नीलकण्ठ नगरपालिका

# नीलकण्ठ राजपत्र

वर्ष : ३ संख्या : ११ मिति:२०७६ ।०९।०१

भाग २

नीलकण्ठ नगरपालिका


## नीलकण्ठ नगरपालिकाको

## उद्यमीहरुलाई व्यवसायिक कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि,२०७६

स्वीकृत मिति :- २०७६/०८/२४

पहिलो संशोधन स्वीकृत मिति :- २०७७/१०/१६

**प्रस्तावनाः**

नीलकण्ठ नगरपालिकाको नगरसभाले पारित गरेका नीति तथा कार्यक्रम र उद्यम विकास रणनीतिको लक्ष्य हासिल गर्न नगरवासीलाई उद्यममा आकर्षित गर्दै समग्र आर्थिक विकास र स्वरोजगारीलाई अभियान कै रुपमा प्रभावकारी बनाउन वास्तविक उद्यमीहरुलाई प्रदान गरिने ऋणमा अनुदान सहायता प्रदान गर्न नीलकण्ठ नगर कार्यपालिकाले यो कार्यविधि निमार्ण गरि जारी गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम उद्यमीहरुलाई व्यवसायिक कर्जामा प्रदान गरिने व्याज अनुदान सम्बन्धी कार्यविधि, २०७६ रहेको छ ।

(२) यो कार्यविधि नीलकण्ठ नगर कार्यपालिकाबाट पारित भै राजपत्रमा प्रकाशित भएको मिति देखि नै लागु हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिको प्रयोजनको लागि

(क) “बैंक”भन्नाले यस कार्यविधि अनुसार उद्यम कर्जा प्रवाह गर्ने वित्तिय संस्था तथा वाणिज्य बैंकलाई सम्झनु पर्दछ ।

* पहिलो संशोधनद्वारा परिमार्जन तथा थप गरिएको

(ख) “युवा” भन्नाले आर्थिक रुपले सक्रिय २१ वर्ष देखि ४५ वर्ष सम्म उमेर समुहका नागरिकलाई सम्झनु पर्दछ ।

(ग) “नगर क्षेत्र” भन्नाले नगरपालिकाको कार्य क्षेत्रलाई सम्झनु पर्दछ ।

(घ) “उद्यम व्यवसाय” भन्नाले यस कार्यविधिको अनुसूचि-१ मा उल्लेख गरिएका क्षेत्रहरुमा श्रम तथा पुँजी लगानी गरी गरिएको व्यवसाय सम्झनु पर्दछ ।

(ङ) “उद्यमकर्जा” भन्नाले यस कार्यविधिको अनुसूचि-१ मा उल्लेखित गरिएका क्षेत्रहरुमा उद्यम व्यवसायका लागि वाणिज्य तथा वित्तिय संस्था बैंकहरुले प्रवाह गरेको कर्जा सम्झनु पर्दछ ।

(च) “भण्डारण” भन्नाले प्राथमिक कृषि उपज (तरकारी, फलफुल, जडिबुटि, दुग्ध पदार्थ तथा माछा) उत्पादन गरी भण्डारण गर्ने कार्य सम्झनु पर्दछ । सो शब्दले स्वदेशमा उत्पादन भएका प्राथमिक कृषि उपज (तरकारी, फलफुल, जडिबुटि, दुग्ध पदार्थ तथा माछा, मासु ) खरिद गरी भण्डारण गर्ने कार्यलाई समेत जनाउँदछ ।

(छ) “वित्तिय संस्था तथा बैंक” भन्नाले नगरपालिकाको सहुलियत कर्जा प्रवाहमा सहकार्य गर्न सम्झौता भएको बैंक तथा वित्तिय संस्था भन्ने सम्झनु पर्दछ ।

* (ज) ब्याज अनुदान भन्नाले यस कार्यविधि बमोजिम बैंक तथा वित्तिय संस्थाले व्याज अनुदान व्यवस्थापन समितिको सिफारिसमा प्रवाह गरेको कर्जामा नगरपालिकाबाट दिइने ब्याज अनुदानलाई सम्झनु पर्दछ ।

## ३. उद्यम कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धि व्यवस्थाः

(१) युवाहरुलाई उद्यममा आकर्षित गर्न अनुसूचि-१ मा उल्लेखित व्यवसायका लागि वित्तिय संस्था तथा वाणिज्य बैंकबाट वितरित कर्जामा नेपाल राष्ट्र बैंकको सहुलियत कर्जा प्रवाह कार्यविधि अनुसार उपलब्ध गराईने छ ।

(२) यस्तो ब्याज अनुदान यो कार्यविधि लागु भएपछि कर्जा लिने ऋणिहरुलाई मात्र उपलब्ध हुनेछ ।

(३) उपदफा (१) बमोजिमको व्यवसाय गर्दा लिने कर्जामा वित्तिय संस्था तथा वाणिज्य बैंकले ऋणी व्यवसायीबाट नेपाल राष्ट्र बैंकको ब्याज अनुदानका लागि एकीकृत सहुलियत कर्जा कार्यविधि अनुसार लगानी गर्नुपर्ने छ ।

(४) ब्याज अनुदान प्राप्त गर्ने उद्यम कर्जाको अधिकतम सीमा उद्यमको व्यवसायिक योजना अनुसार बढीमा पन्ध्र लाखसम्म हुनेछ ।

*(५) यस कार्यविधि बमोजिम सम्झौता भए अनुसार प्रत्येक वित्तिय संस्था वा वाणिज्य बैंकलाई नगरपालिकाले ग्यारेन्टी स्वरुप कर्जा सुरक्षण दिने गरि अग्रिम रकम उपलब्ध गराउने छ । सम्बन्धित वित्तिय संस्था वा वाणिज्य बैंकले मेयर उद्यमशीलता कार्यक्रम, ब्याज अनुदान व्यवस्थापन समिति वा नगरपालिकाको सिफारिस अनुसार उद्यमीहरुलाई सहुलियत ऋण प्रवाह गर्नेछ ।

*५ (क) सम्बन्धित वित्तिय संस्था वा वाणिज्य बैंकले नगरपालिकाबाट प्राप्त रकम नगरपालिकासँग सम्झौता अनुसार मुद्दती खातामा निक्षेपको रुपमा जम्मा गर्नुपर्ने छ ।

* पहिलो संशोधनद्वारा परिमार्जन तथा थप गरिएको

(६) यस कार्यविधि बमोजिम ब्याज अनुदान दिइने उद्यम कर्जाको भुक्तानी अवधि बढीमा ४ वर्षको हुनेछ । ऋणीले ब्याज अनुदान पाउने रकम बाहेक अरु लागेको सेवा शुल्क किस्ता तथा ब्याज रकम सम्बन्धित वित्तिय संस्था तथा वाणिज्य बैंकलाई भुक्तानी गरेपछि मात्र ब्याज अनुदानका लागि योग्य मानिनेछ ।

(७) अनुसूचि-१ मा उल्लेखित कार्यक्रमहरुका लागि ब्याजदर अनुदानको प्रतिशत प्रत्येक आर्थिक वर्षको शुरुमा समन्वय तथा अनुगमन समितिको सिफारिसमा आवश्यकता अनुसार नगरपालिकाले पुनरावलोकन गर्न सक्नेछ ।

*(८) व्यवसायीले तयार पारेका व्यापारिक योजनाको आधारमा सहकार्य गर्ने बैंकले गर्ने लगानीमा नगरपालिकाले बढीमा ६ प्रतिशत सम्म ब्याज अनुदान २ वर्षका लागि मात्र उपलब्ध गराउने छ, ऋणीको व्यापार व्यवसायको अनुगमन गर्दा योग्य देखिएमा मात्र ब्याज अनुदान व्यवस्थापन समितिको सिफारिसमा थप २ वर्षको लागि ब्याज अनुदान दिन सक्ने छ ।

## * ४. उद्यमकर्जामा प्रदान गरिने ब्याज अनुदान रकमको भुक्तानी प्रक्रियाः

(१) ब्याज अनुदान स्वरुप प्रदान गरिने रकम उपलब्ध गराउने प्रयोजनको लागि नीलकण्ठ नगरपालिकावाट ब्याज अनुदान व्यवस्थापन समितिको निर्णयानुसार तोकिएको रकम सम्बन्धित वाणिज्य बैंक वा वित्तिय संस्थामा ४ वर्षका लागि मुद्दती खातामा कर्जा सुरक्षणको रुपमा जम्मा गरिनेछ । सो मुद्दती खाताबाट प्राप्त हुने ब्याज रकम सोही बैंक वा वित्तिय संस्थामा एक "उद्यम कर्जा ब्याज अनुदान शोधभर्ना" खातामा जम्मा गरि ब्याज भुक्तानीको व्यवस्था मिलाइने छ । उद्यम कर्जा ब्याज अनुदान शोधभर्ना खातामा नपुग ब्याज रकम सम्बन्धित बैंक वा वित्तिय संस्थाले नगरपालिकामा लिखित रुपमा माग गर्नुपर्ने छ । नगरपालिकाको तर्फबाट माग बमोजिमको नपुग ब्याज रकम मेयर उद्यमशीलता कार्यक्रम ब्याज अनुदानका लागि विनियोजित रकम मध्येबाट बैंक वा वित्तिय संस्थाको "उद्यम कर्जा ब्याज अनुदान शोधभर्ना" खातामा जम्मा गरि भुक्तानी गरिने व्यवस्था मिलाइने छ ।

(२) वित्तिय संस्था तथा वाणिज्य बैंकहरुले यस कार्यविधि बमोजिम प्रवाहित कर्जाको सदुपयोगिता यकिन गरी नगरपालिकाले सहुलियत कर्जाका लागि सिफारिस गरेका ऋणीले प्राप्त गरेको ब्याज अनुदान वापतको रकम उद्यम कर्जा ब्याज अनुदान शोधभर्ना खाताबाट कट्टा गरी मासिक प्रतिवेदन नगरपालिकामा पेश गर्नुपर्नेछ ।

* (३) मेयर उद्यमशीलता कार्यक्रम वमोजिम उद्यम कर्जामा ब्याज अनुदान दिने सम्बन्धि कार्य समाप्ति पश्चात बैंक वा वित्तिय संस्थामा मुद्दती खाता तथा उद्यम कर्जा ब्याज अनुदान शोधभर्ना खातामा बचत रकम नगरपालिकाको खातामा फिर्ता हुनेछ ।

## ५. कर्जा वर्गीकरण तथा जोखिम सम्बन्धि व्यवस्थाः

(१) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने कर्जाहरुको वर्गीकरण नेपाल राष्ट्र बैंकले जारी गरेको एकीकृत निर्देशन बमोजिम हुनेछ । प्रचलित कानुन, नेपाल राष्ट्र बैंकको नियमन र निर्देशनको परिधि भित्र रहि यस्तो कर्जाको लगानी, अनुगमन तथा असुली सम्बन्धमा सम्बन्धित वित्तिय संस्था तथा बैंकले स्पष्ट नीति प्रक्रिया बनाई लागु गर्नु पर्नेछ ।

* पहिलो संशोधनद्धारा परिमार्जन तथा थप गरिएको

(२) ऋणीले साँवा ब्याज नियमित गरेको अवस्थामा सम्बन्धित वाणिज्य बैंकले नेपाल सरकारबाट पाउनुपर्ने ब्याज रकम समेत सोही अवधि को ब्याज अनुदान आम्दानीमा गणना गर्न सकिनेछ। नेपाल सरकारबाट पाउनुपर्ने ब्याज अनुदान वापतको यस्तो रकमलाई पुँजी अनुपात गणना प्रयोजनका लागि सरकार माथिको दावी सरह शुन्य प्रतिशत जोखिमभार प्रदान गर्न सक्नेछन्।

(३) बिनाधितो लघु कर्जा प्रवाहगर्दा बढीमा २ लाखसम्म ऋणी सँग सम्झौता भएको मितिले बढीमा ४ वर्षका लागि मात्र नगरपालिकाले सम्बन्धित बैंकलाई कर्जा सुरक्षण दिने छ।

*** ६. व्यवसाय गरी यस कार्यविधि बमोजिम ब्याज अनुदान रकम प्राप्त गर्ने ऋणीले गर्नुपर्ने कार्यः**

उद्यम कर्जामा ब्याज अनुदानको शोधभर्ना लिने प्रयोजनको लागि ब्याज अनुदान रकम प्राप्त गर्ने ऋणीले देहाय बमोजिम काम गर्नु पर्नेछ।

(क) यस कार्यविधिमा तोकिएको प्रक्रिया बमोजिम ब्याज अनुदान सहितको उद्यमकर्जा लिनको लागि अनुसूचि-२ बमोजिम ढाँचामा सम्बन्धित वित्तिय संस्था तथा वाणिज्य बैंक समक्ष निवेदन पेश गर्ने।

(ख) आफुले लिएको कर्जाको साँवाब्याज रकम समयमै भुक्तानी गर्ने, कर्जा सुरक्षित गर्नका लागि वित्तिय संस्था तथा बैंकले मागेका विवरण उपलब्ध गराउने र तोकेको शर्तहरुको पालना गर्ने।

(ग) जुन उद्देश्यको लागि कर्जा लिएको हो सोही उद्देश्यको लागि मात्र कर्जा प्रयोग गर्नुपर्ने छ। उक्त कर्जा सदुपयोग नभएको प्रमाणित भएमा ब्याज अनुदान दिइने छैन। भुक्तानी दिइ सकेको ब्याज अनुदान समेत असुल उपर गरिनेछ।

(घ) नगरपालिकाले संचालन गरेको मेयर उद्यमशीलता विकास कार्यक्रम बाट ब्याज अनुदान सहितको कर्जा लिनका लागि आफुले संचालन गर्न लागेको उद्यम तथा व्यवसाय नगरपालिकामा नियमानुसार दर्ता गर्नुपर्ने छ।

*(ङ) बैंक तथा वित्तिय संस्थाबाट ५ (३) वमोजिमको कर्जा स्वीकृत का लागि अनुसूचि ४ बमोजिमको पारिवारिक मञ्जुरीनामा र अनुसूचि ५ बमोजिम सामुहिक जमानीमा उल्लेख भए बमोजिम सम्बन्धित व्यक्तिहरुलाई नागरिकता प्रमाणपत्रको प्रतिलिपि सहित तोकिएको फाराम भरी बुझाउनु पर्ने छ।

* (च) ब्याज अनुदान सहितको उद्यम कर्जा लिनका लागि सम्बन्धित ऋणी नीलकण्ठ नगरपालिका भित्र निरन्तर बसोबास गर्दै आएको स्थायी बासिन्दा र नगरपालिकाबाट संचालित व्यवसाय सचेतना तालिम कार्यक्रममा सहभागी भै सम्पन्न प्रमाणपत्र प्राप्त गरेको हुनु पर्नेछ।

**७.सम्बन्धित वित्तिय संस्था तथा बैंकको काम, कर्तव्य र अधिकार**

व्यवसाय कर्जामा ब्याज अनुदानको शोधभर्ना लिने प्रयोजनको लागि सम्बन्धित वाणिज्य बैंकले गर्नुपर्ने काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) व्यवसाय कर्जामा ब्याज अनुदान रकम प्राप्त गर्ने गरी व्यावसायिक कर्जाको लागि निवेदन दिएमा प्राप्त निवेदन तथा विवरणका आधारमा विश्लेषण गरी कर्जाको सदुपयोग हुने आधारमा कर्जा प्रवाह गर्ने। कर्जा प्रवाह गर्न नसकिने भएमा कर्जा लगानी गर्न नसकिने स्पष्ट कारण सहित व्यवसायीलाई जानकारी दिने।

* पहिलो संशोधनद्वारा परिमार्जन तथा थप गरिएको

(ख) व्यवसाय कर्जामा प्रदान गरिने ब्याज अनुदान रकम प्राप्त गर्नका लागि अनुसूचि -६ मा उल्लेखित निवेदनको ढाँचामा ऋणीले अनुदान पाउनुपर्ने ब्याज रकम बाहेक अरु किस्ता तथा ब्याज रकम असुल गरेको प्रमाण सहित नगरपालिकामा त्रैमासिक प्रतिवेदन पेश गर्ने ।

(ग) खण्ड (क) बमोजिम व्यवसाय कर्जामा ब्याज अनुदान प्राप्त हुने गरी प्रदान गरिएको कर्जा सम्बन्धि मासिक/त्रैमासिक विवरण तोकिए बमोजिम नीलकण्ठ नगरपालिकामा बुझाउने ।

(घ) अनिवार्य रुपमा कर्जा सदुपयोगिता निरिक्षण गरी सो को अभिलेख अद्यावधिक गरी राख्ने ।

(ङ) यस अन्तर्गत लगानी गरेको बैंकले नेपाल राष्ट्र बैंकले तोकेको सहुलियत कार्यविधि अनुसार हुने गरी मात्र ब्याज दर तोक्नु पर्नेछ ।

(च) नगरपालिका, वित्तिय संस्था तथा बैंकबाट अनुगमन गर्दा कर्जा सदुपयोग भएको नपाईएमा ब्याज अनुदान दिएको रकम वित्तिय संस्था तथा बैंकलाई सोधभर्ना दिइने छैन ।

* (छ) बैंक तथा वित्तिय संस्थासँगको सम्झौता अनुसार तोकिएको समयमा कर्जा नतिर्ने फर्म वा व्यक्तिलाई बैंकको सिफारिसमा नगरपालिकाले कालो सुचीमा राखी जन्मदर्ता, मृत्युदर्ता र विवाहदर्ता बाहेकका अन्य सेवा तथा नगरपालिकाबाट उपलब्ध हुने सम्पुर्ण सेवा सुविधा एवम् सिफारिसमा बन्देज लगाई असुल उपरमा बैंकलाई पुर्ण सहयोग गर्ने छ ।

*** ८.मेयर उद्यमशिलता कार्यक्रम, ब्याज अनुदान व्यवस्थापन समितिको गठन**

मेयर उद्यमशिलता कार्यक्रम, ब्याज अनुदान व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) नगर प्रमुख, नीलकण्ठ नगरपालिका -अध्यक्ष

(ख) नगर उप-प्रमुख, नीलकण्ठ नगरपालिका -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत, नीलकण्ठ नगरपालिका -सदस्य

(घ) नगर प्रमुखबाट कार्यक्रमसँग सम्बन्धित पदाधिकारी वा विज्ञ मध्येबाट मनोनित गरेका २ जना -सदस्य

(ङ) नगर कार्यपालिका, आर्थिक विकास समितिको संयोजक -सदस्य

(च) उद्योग वा उद्यमशीलता हेर्ने अधिकृत, नीलकण्ठ नगरपलिका -सदस्य सचिव

आवश्यकता अनुसार अन्य विज्ञ पदाधिकारी वा कर्मचारीहरुलाई बैठकमा आमन्त्रण गर्न सकिने छ ।

***९.मेयर उद्यमशीलता कार्यक्रम, ब्याज अनुदान व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) मेयर उद्यमशीलता कार्यक्रम ब्याज अनुदान सम्बन्धि नीति निमार्ण गर्ने,

(ख) ब्याज अनुदान अन्तर्गत सहकार्य गर्ने वित्तिय संस्था वा वाणिज्य बैंकको छनौट गर्ने र छनौट भएका बैंक वित्तिय संस्थासँग सम्झौता गर्ने,

(ग) अनुदान दिने ऋणीहरुको सुची तयार गरी वित्तिय संस्था वा वाणिज्य बैंक समक्ष सिफारिस गर्ने,

* पहिलो संशोधनद्वारा परिमार्जन तथा थप गरिएको

(घ) सम्बन्धित बैंक वा वित्तिय संस्थामा कर्जा सुरक्षणका लागि पठाउने रकम सम्बन्धमा निर्णय गर्ने,

(ङ) समन्वय तथा अनुगमन समितिलाई आवश्यक निर्देशन दिने,

(च) कार्यविधिको कार्यान्वयनमा आइपर्ने समस्या समाधान गर्ने, आवश्यक निर्णय गर्ने, दुविधा भएमा कार्यविधि व्याख्या गर्ने,

(छ) सहकार्य गर्ने बैंक तथा वित्तिय संस्थाबाट नगरपालिकाको सिफारिसमा लगानी भएको ऋण उठाउने कार्यमा सहयोग, समन्वय र सहकार्य गर्ने गराउने,

(ज) आवश्यकता अनुसार अन्य कार्य गर्ने ।

**१०.समन्वय तथा अनुगमन समितिको गठन**

नीलकण्ठ नगरपालिकाको व्यवसाय कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धि कार्यको समन्वय तथा अनुगमन गर्न देहाय बमोजिमको अनुदान कर्जा समन्वय तथा अनुगमन समिति गठन हुनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख) सहकार्य गर्ने बैंक तथा वित्तिय संस्थाको प्रबन्धक -सदस्य

(ग) नगरपालिकाको उद्योग हेर्ने शाखा प्रमुख -सदस्य

(घ) ऋण शाखा हेर्ने प्रमुख, बैंक तथा वित्तिय संस्था -सदस्य

(ङ) नगरपालिकाको लेखा प्रमुख -सदस्य सचिव

**संयोजकले समितिमा आवश्यकता अनुसार अन्य विज्ञ व्यक्ति वा कर्मचारीलाई आमन्त्रितको रुपमा बोलाउन सक्नेछ ।**

**११.समितिको काम, कर्तव्य र अधिकार**

(क) व्यवसाय कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धि व्यवस्थाको प्रभावकारी रुपमा कार्यन्वयनका लागि आवश्यक समन्वय तथा अनुगमन गर्ने

(ख) समितिको बैठक आवश्यकता अनुसार जुनसुकै बेला वा कम्तिमा चौमासिक रुपमा बस्नु पर्नेछ ।

**१२.गुनासो सम्बन्धि व्यवस्थाः**

यस कार्यविधिको कार्यान्वयनका क्रममा वित्तिय संस्था तथा वाणिज्य बैंकले कर्जा प्रवाह नगरेको , व्यवसायीले सेवा सुविधा नपाएको तथा ऋणको सदुपयोग नभएको लगायतका गुनासो सुन्ने तथा सोका आधारमा आवश्यक काम कारवाही अगाडी बढाउने कर्य समेत समन्वय तथा अनुगमन समितिले गर्नेछ ।

**१३. संशोधन तथा हेरफेरः** नीलकण्ठ नगर कार्यपालिकाले यस कार्यविधिको दफा तथा अनुसूचि आवश्यकता अनुसार संशोधन एवम् हेरफेर गर्न सक्नेछ ।

* पहिलो संशोधनद्धारा परिमार्जन तथा थप गरिएको

## अनुसूची-१

*** (नम्बर ३ को (१) सँग सम्बन्धित)**

नीलकण्ठ नगरपालिकाले उपलब्ध गराउने ब्याज अनुदानका लागि योग्य कृषि व्यवसायहरु
१.तरकारी उत्पादन, प्रशोधन तथा भण्डारण,
२.बिउ बिजन उत्पादन, प्रशोधन तथा भण्डारण,
३.पुष्प व्यवसाय
४.पशुपंक्षी पालन,
५.फलफुल उत्पादन, उत्पादित फलफुलको प्रशोधन तथा भण्डारण,
६.दुग्ध उत्पादन, प्रशोधन र बिक्री वितरण
७.मत्स्य पालन, उत्पादित माछाको भण्डारण तथा बिक्री वितरण
८.च्याउ उत्पादन, प्रशोधन तथा भण्डारण
९.पशु बधशाला एवम् मासुजन्य उत्पादन व्यवसाय
१०.जडिबुटि उत्पादन, प्रशोधन र भण्डारण
११.उखु खेती, अलैची खेती तथा अदुवा खेती र त्यसको भण्डारण तथा प्रशोधन
१२.नेपाल सरकारले समय-समयमा थप गरेका अन्य व्यवसायहरु ।
१३.घरेलु उद्योग, होटल व्यवसाय ,होम स्टे, लघु तथा मझौला उद्योगहरु
१४.नेपाल राष्ट्र बैंकको कर्जा सहुलियत अनुदान कार्यविधिमा उल्लेखित उद्योग तथा व्यवसायहरु समेत यस कर्जा अनुदान कार्यविधि अनुसार अनुदानका लागि योग्य हुनेछन् ।

* पहिलो संशोधनद्धारा परिमार्जन तथा थप गरिएको

# अनुसूचि -२

## (नम्बर ६ को“क”सँग सम्बन्धित)

**(ऋणीले ब्याज अनुदान सहितको व्यवसाय कर्जाका लागि बैंकमा दिने निवेदनको ढाँचा)**

**श्री…………………… बैंक लि.**

………………………।

**विषय-** ब्याज अनुदान सहितको व्यवसाय कर्जाबारे ।

**महाशय**

उपयुक्त सम्बन्धमा नीलकण्ठ नगरपालिकाले आ.व २०७६।०७७ को मेयर उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत व्यवसाय कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धि कार्यविधि, २०७६ बमोजिम कर्जा उपभोग गर्नका लागि मलाई ⁄मेरो (फर्म,कम्पनी,संस्था)…………लाई ……………प्रयोजनका लागि कर्जा प्रदान गरिदिनु हुन यो निवेदन पेश गरेको छु । साथै, बैंकले तोकेका कागजात तथा विवरण समेत यसै निवेदन साथ संलग्न गरी पेश गरेका छु⁄छौ ।

मैले प्रचलित कानुन, नेपाल राष्ट्र बैंकबाट जारी गरिएका, नियमन निर्देशन र परिपत्र तथा धनी बैंकबाट तोकिएको शर्तहरुको अधिनमा रही कर्जाको सही सदुपयोग गरी कर्जाको साँवा तथा ब्याज समय मै भुक्तानी गर्नेछु ।

**नाम :**
**ठेगाना :**
**सम्पर्क टेलिफोन नं**
**फर्म, कम्पनी,संस्था, उद्योग भए नाम :**
**छाप :**
**ठेगानाः**
**सम्पर्क टेलिफोन नं**

* पहिलो संशोधनद्धारा परिमार्जन तथा थप गरिएको

## अनुसुची-३

## (परिच्छेद ७ को “ख” सँग सम्बन्धित)

(नगरपालिकाले सञ्चालन गरेको मेयर उद्यमशीलता विकास कार्यक्रमबाट सहुलियतपूर्ण ब्याज अनुदान सहितको उद्यम व्यवसाय कर्जा सम्बन्धमा नगरपालिकाको सिफारिस लिनको लागि सम्बन्धित ऋणीले नगरपालिकामा दिनु पर्ने निवेदन ढाँचा )

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
नीलकण्ठ नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
धादिङ ।

विषय : ब्याज अनुदान सहितको उद्यमशीलता कर्जाका लागि सम्बन्धित बैंकलाई सिफारिस पाउँ भन्ने बारे ।

महोदय,

१. उपर्युक्त सम्बन्धमा नीलकण्ठ नगरपालिकाद्वारा संचालित मेयर उद्यमशीलता विकास कार्यक्रम निर्देशिका-२०७६ र उद्यमीहरुलाई व्यवसायिक कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७६ बमोजिम कर्जा प्राप्त गर्नका लागी म/हामी -फर्म, कम्पनी, संस्बथा) ..............लाई ............ प्रयोजनका लागी कर्जा प्राप्त गर्नका लागि सम्बन्धित ......................बैंकलाई सिफारिस गरिदिनुहुन यो निवेदन पेश गरेको छु/छौ ।
२. नगरपालिकाले तोकेका कागजात तथा विवरण समेत यसै निवेदन साथ संलग्न गरी पेश गरेको छु/छौ । मैले हामीले प्रचलित कानुन, नेपाल राष्ट्र बैंकबाट जारी गरिएका, नियमन, निर्देशन र परिपत्र तथा धनी बैंकबाट तोकिएको शर्तहरुको अधिनमा रही कर्जाको सही सदुपयोग गरी कर्जाको सावाँ समय मै बैंकसँगको सम्झौता बमोजिम भुक्तानी गर्नेछु/छौँ ।
३. नगरपालिकाद्वारा जारी गरिएका मेयर उद्यमशीलता विकास कार्यक्रम निर्देशिका-२०७६ र सहुलियतपूर्ण कर्जामा उद्यम व्यवसायका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७६ को अक्षरसः पालना गर्ने छु/छौँ । यदि पालना नगरेको ठहर भएमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको नाम :
ठेगाना :
सम्पर्क टेलिफोन नं. :
इमेल :
फर्म, कम्पनी, संस्था, उद्योगको नाम :
छाप :
ठेगाना :
सम्पर्क टेलिफोन नं. :
इमेल :
मिति :

* पहिलो संशोधनद्धारा परिमार्जन तथा थप गरिएको

पेस गर्नु पर्ने कागजातहरु :

१. उद्योग व्यवसाय दर्ता प्रमाण पत्र, प्यान नम्बर, नविकरण गर्नु पर्ने भए नविकरण गरिएको प्रमाणपत्र ।

२. प्रबन्ध पत्र, नियमावली (भएमा) ।

३. नगरपालिका वा अन्य कुनै निकायद्वारा संचालित आधारभूत तालिम प्राप्त गरेको प्रमाण पत्र ।

४. नागरिकताको प्रमाण पत्र ।

५. उद्यम व्यवसाय सञ्चालन तथा कर्जा उपयोग सम्बन्धी स्किम ।

६. आवश्यकता अनुसार तोकिएका अन्य कागजपत्रहरु

* पहिलो संशोधनद्वारा परिमार्जन तथा थप गरिएको

# अनुसुची-४
## (नम्बर ६ को “ङ” सँग सम्बन्धित)

(पारिवारिक मञ्जुरीनामाको नमुना)

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
नीलकण्ठ नगरपालिका,
धादिङ ।

विषय : मञ्जुरीनामा सम्बन्धमा ।

हाम्रो एकाघर संगोल परिवारका सदस्य ...............................ले नगरपालिकामा दिएको निवेदन अनुसार उद्यमीहरुलाई व्यावसायिक कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धि कार्यविधि २०७६ बमोजिम तोकिएको क्षेत्रमा .................................................. व्यवसाय संचालन गर्नका लागि ........... बैंकबाट रु .................................. (अक्षरमा .................. रुपैया मात्र) ऋण लिई व्यवसाय गर्न लिएको ऋण तोकिएको समयमा किस्तागत रुपमा फिर्ता नगरेमा नियमानुसार तिर्नुपर्ने साँवा, ब्याज, किस्ता, जरिवाना एकमुष्ट रुपमा परिवारको चल, अचल सम्पत्ति वा जायजेथाबाट कट्टा गरी लिएमा पछि कुनै किसिमको उजुर/बाजुर/दावी/विरोध गर्ने छैनौँ । यदि सो कार्य गरेमा यसै मञ्जुरीनामाका आधारमा बदर गरी कानुन बमोजिम भएमा हामी मञ्जुर छौँ भनी यो मञ्जुरीनामा लेखि लेखाई सहि छाप गरिदियौँ ।
तपसिल

| क.सं. | नामथर | ठेगाना | नाता | दस्तखत | दा.वा. ल्याप्चे |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

रोहवर :
हस्ताक्षर :
नाम, थर :
पद : छाप : मिति :

ईति सम्बत् .......साल ..........महिना ..............गते रोज ........... शुभम् ........

* पहिलो संशोधनद्धारा परिमार्जन तथा थप गरिएको

अनुसुची-५
(नम्बर ६ को “ङ” सँग सम्बन्धित)

(सामुहिक जमानीको नमुना)

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
नीलकण्ठ नगरपालिका,
धादिङ ।

विषयः सामुहिक जमानी सम्बन्धमा ।

तपशीलमा उल्लेखित ..............समुहका सदस्यहरुले नीलकण्ठ नगरपालिका वडा नं. .......................का श्री/ श्रीमति/ सुश्री ..............................ले नीलकण्ठ नगरपालिकाको उद्यमीहरुलाई व्यावसायिक कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धि कार्यविधि २०७६ वमोजिम उद्यम व्यवसायका लागि तोकिएको क्षेत्रमा ..................................................व्यवसाय संचालन गर्नका लागि ...................बैंक तथा वित्तिय संस्थाबाट रु ............(अक्षरुपी .................. रुपैया मात्र) उद्यम व्यवसाय गर्न लिएको ऋण तोकिएको समयमा किस्तागत रुपमा फिर्ता नगरेमा, तिर्नुपर्ने साँवा, किस्ता, जरिवाना एकमुष्ट रुपमा हामी समुहका सदस्यहरुले तिर्न राजी खुसी छौं साथै उक्त रकम तिर्न नसकेमा हाम्रो समुहको तथा हामी समुहमा रहेका सदस्यको चल, अचल, जाय, जेथाबाट कट्टा गरी लिएमा पछि कुनै किसिमको उजुर/बाजुर/दावी/विरोध गर्ने छैनौं । यदि सो कार्य गरेमा यसै मञ्जुरीनामाका आधारमा बदर गरी कानुन बमोजिम भएमा हामी मञ्जुर छौं भनी यो मञ्जुरीनामा लेखि लेखाई सहिछाप गरिदियौं ।

तपसिल

| क.सं. | नामथर | ठेगाना | नाता | दस्तखत | दा.वा. ल्याप्चे |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

रोहवर :

हस्ताक्षर : नाम थर : पद : छाप :

मिति :

* पहिलो संशोधनद्धारा परिमार्जन तथा थप गरिएको

# अनुसूचि -६

## (नम्बर ७ को“ग”सँग सम्बन्धित)

मिति-

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु,
नीलकण्ठ नगरपालिका, धादिङ ।

**विषय-** ब्याजमा अनुदान प्रदान गरिएका व्यवसाय कर्जाको त्रैमासिक विवरण ।

**महोदय,**

उद्यमीहरुलाई व्यवसायिक कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धि कार्यविधि, २०७६ ले गरेको व्यवस्था अनुसार यस बैक/ संस्थावाट विभिन्न शीर्षकमा प्रवाह भएको कर्जाको त्रैमासिक विवरण देहाय बमोजिम रहेको छ ।

## शोधभर्ना पाउनु पर्ने कर्जाको विवरण

| **क.स** | ऋणीको नाम | कर्जा शिर्षक | कर्जा प्रवाहित मिति | कर्जा वक्यौता | कर्जा भुक्तानी मिति | यस अवधिमा ऋणीबाट असुल हुनुपर्ने ब्याज रकम( ) | अन्य निकायवाट प्राप्त ब्याज अनुदान प्रतिशत/रकम | नगरपालिकावाट प्राप्त हुने ब्याज अनुदान प्रतिशत/रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| **जम्मा** | | | | | | | | | |

**शोधभर्ना पाउनुपर्ने जम्मा रकम रु..........अक्षेरुपी.रु............................**

**बैंकको तर्फबाट**

**दस्तखतः**

**नामः**

**पदः**

**छापः**

**विभाग/कार्यालयः**

* पहिलो संशोधनद्धारा परिमार्जन तथा थप गरिएको

**अनुसूचि-७**

**(दफा ७ को खण्ड "ग" सँग सम्बन्धित)**

**मिति-२०...../......./**

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू**

**नीलकण्ठ नगरपालिका,**

**नगर कार्यपालिकाको कार्यालय,**

**धादिङ ।**

**विषय-**ब्याज अनुदान अन्तर्गत प्रवाह भई नियमित नभएका कर्जाको त्रैमासिक विवरण ।

महोदय,

उद्यमीहरुलाई व्यवसायिक कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धि कार्यविधि,२०७६ ले गरेको व्यवस्था अनुसार यस वैक/ संस्थावाट विभिन्न शीर्षकमा प्रवाह भई नियमित नभएका कर्जाको त्रैमासिक विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.स | ऋणीको नाम | कर्जा शिर्षक | कर्जा प्रवाह मिति | कर्जा साँवा बक्यौता | कर्जा भुक्तानी मिति | यस अवधिमा ऋणीबाट असुल हुनुपर्ने ब्याज रकम (रु) | ब्याज अनुदानको अनुमानित रकम (रु) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

.................**बैंकको तर्फबाट**

**दस्तखतः**

**नामः**

**पदःछापः**

**विभाग/कार्यालयः**

**प्रमाणिकरण मितिः २०७६/०८/२४ गते**

**पहिलो संशोधन स्वीकृत मिति २०७७/१०/१६ गते**

**आज्ञाले**

**तिर्थराज पौडेल**

**प्रमुख प्रशासकीय अधिकृत**

* पहिलो संशोधनद्धारा परिमार्जन तथा थप गरिएको

# नीलकण्ठ नगरपालिका

# नीलकण्ठ राजपत्र

वर्ष : ३ संख्या : ११ मिति:२०७६ ।०९।०१

भाग २

नीलकण्ठ नगरपालिका

## नीलकण्ठ नगरपालिकाको

## उद्यमीहरुलाई व्यवसायिक कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि,२०७६

स्वीकृत मिति :- २०७६/०८/२४

पहिलो संशोधन स्वीकृत मिति :- २०७७/१०/१६

* पहिलो संशोधनद्वारा परिमार्जन तथा थप गरिएको

* पहिलो संशोधनद्धारा परिमार्जन तथा थप गरिएको